वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४४ अंक १८२ | २०८२ कात्तिक २५ गते मंगलबार, नेपाल सम्वत् ११४६ November 11, 2025 | पृष्ठ ४ | मूल्य : रू. ५/-






**पाहुनालाई स्वागत :** तनहुँको व्यास नगरपालिका-११ स्थित तनहुँसूर सामुदायिक होमस्टेमा पुगेका पाहुनालाई स्वागत गर्दै स्थानीय होमस्टे सञ्चालक । मुलुकको पौराणिक राज्यहरू मध्ये कान्तिपुर र पाल्पा वीचको सवैभन्दा शक्तिशाली राज्यको रूपमा रहेको तनहुँसूर क्षेत्र ऐतिहासिक, प्राकृतिक र ग्रामीण पर्यटकीय गन्तव्यको रूपमा विकास हुने प्रतिक्षामा रहेपनि यस तर्फ स्थानीय तथा सरोकारावला निकायले यथोचित ध्यान पुऱ्याउन नसक्दा ओझेलमा परेको छ । अपार ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदा एवं जैविक विविधताले भरिपूर्ण तनहुँसूर पूर्वाधार विकास र प्रवर्द्धनको पर्खाइमा बसेको छ ।

*तस्विर : भञ्ज्याङ*

# ‘पहाड पनि हिमालै थिए तर अहिले हिमाल पहाड जस्ता भए’

**सन्तोष गौतम/म्याग्दी**

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङकी ६५ वर्षीय नरिमाया गर्बुजा गुरूङलाई बाल्यकालमा हिउँद याममा गाउँ वरपरका पहाड जस्तै लाग्दथ्यो । संसारको दशौं अर्थात् आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमालको फेदीमा रहेको पञ्चकुण्ड तालको छेउमा बेमौसमी होटल सञ्चालन गरेर बसेकी गर्बुजालाई अहिले हिमाल पहाड जस्तै लाग्छ।

“यो एकदमै राम्रो र रमाइलो ठाउँ थियो, पहाड हिमालझैं थियो”, नरिमायाले आश्चर्य मान्दै भन्नुभयो, “अहिले हिमाल पहाड हुन लाग्यो र पो !” पछिल्लो १५ वर्षयता चार हजार १९० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा आउजाउ गरिरहेकी गर्बुजा सो क्षेत्रको मौसममा आएको परिवर्तनका कारण अचम्मित हुनुहन्छ ।

विश्वव्यापी रूपमा देखिएको तापक्रम वृद्धि, जलवायु परिवर्तन, प्रदूषण र अव्यवस्थित विकासको असर हिमाली क्षेत्रमा धेरै परेको नरिमायाले बताउनुभयो । बेमौसमी वर्षा र हिमपात, खडेरी, अनावृष्टि, अतिवृष्टिका कारण हिमाली क्षेत्रको जनजीवन र पर्यटन व्यवसायमा असर परेको छ ।

यही कात्तिक दोस्रो साता भएको हिमपात र वर्षातका कारण म्याग्दी, मुस्ताङ, मनाङ र कास्कीका पर्यटकीय क्षेत्रको भ्रमणमा आएका पर्यटक समस्यामा परेको छ। सुरक्षा निकाय परिचालन गरेर उनीहरूको उद्धार गरियो। किसानले भित्र्याउनका लागि काटेर खेतमा सुकाएको धान भिज्यो । मुख्यबाली धान भित्र्याउन झरिका कारण किसानलाई समस्या भयो । हावाहुरीका कारण धानको बोट लडेर दाना झर्दा किसानलाई क्षति भयो ।

मौसम विज्ञान पूर्वअनुमान महाशाखाको सूचना, सरकारी निकायको पूर्वतयारी र सतर्कताका कारण क्षति न्यूनीकरण भए पनि कात्तिक महिनाको दोस्रो साता नै भारी हिमपात भएको कमै इतिहास रहेको अन्नपूर्ण गाउँपालिका-६ घोडेपानीका पर्यटन ब्यवसायी डमबहादुर पुनले बताउनुभयो ।

“पुस, माघमा हिउँ नपरेर हिमालको चुचुरे बाहेकको पहाड




कालो पत्थर देखिन्छ”, ७० वर्षीय पुनले भन्नुभयो, “कहिले कात्तिकमा त कहिले वैशाखमा बेसैसमी हिउँ परेर खत्तम पार्न लाग्यो ।” हावापानीमा आएको फेरबदलले घोडेपानी-पुनहिलको पर्यटन क्षेत्रलाई असर पुऱ्याइरहेको छ । पुस-माघ महिनामा पर्नुपर्ने हिउँ कात्तिक, चैत, वैशाख महिनामा पर्दा पदयात्रामा आएका पर्यटकहरू यात्रा स्थिगित गर्नुपर्ने र तोकिएको गन्तव्यमा पुग्न समस्या हुने गरेको छ । पछिल्लो दुई वर्षको वसन्त याममा तुँवालो मडारिएर हिमाल हेर्न नपाउँदा पर्यटक खिन्न हुँदै फर्कन बाध्य भए ।

गत असोजको अन्तिम साता अन्नपूर्ण आधार शिविर पुगेर फर्किएका नुवाकोटका विद्युत् नेपालले हिमालमा हिउँको मात्रा घट्दै जाँदा नेपालको परिचय नै नरहने होकी भन्ने चिन्ता व्यक्त गर्नुभयो । “पहाड, हिउँ र हिमाल नेपालको परिचय हो, आधार शिविरमै आएर हिमाललाई नजिकबाट नियाल्दा जलवायु परिवर्तनको असरले नेपालको पहिचान नरहने हो की भन्ने चिन्ता लाग्यो”, उहाँले भन्नुभयो, “हिउँ पग्लिएर हिमाल कालापत्थरमा परिणत हुने मात्र नभई हिमाल नै स्रोत भएका हाम्रा नदीको तटीय क्षेत्रमा जोखिम बढाएको महसुस भयो ।”

विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित पार्दा यही शताब्दीको अन्त्यसम्ममा हिन्दूकुश-हिमालय क्षेत्रको ३६

बाँकी अन्तिम पेजमा

# शुक्लागण्डकीको कृषि उपज संकलन केन्द्र सञ्चालन गर्न उद्योग वाणिज्य संघ तयार

**भञ्ज्याङ समाचारदाता/दुलेगौंडा**

तनहुँको शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघले शुक्लागण्डकी नगरपालिकाले निर्माण गरेको कृषि उपज संकलन तथा विक्रि केन्द्र सञ्चालन गर्न तयार रहेको जनाएको छ । संघका अध्यक्ष समुन्द्रराम श्रेष्ठको नेतृत्वमा सोमबार नगरपालिका पुगेको प्रतिनिधिमण्डलले नगर प्रमुख कृष्णराज पण्डितलाई केन्द्र सञ्चालनका लागि आशयपत्र बुझाएको हो । गत कार्तिक १९ गते बसेको संघको बैठकले नगरपालिकाले अनुमति दिए केन्द्रको व्यवस्थापन र सञ्चालन नगरसँगको समन्वयमा गर्न तयारी भएको निर्णय गरेको थियो ।

संघका अध्यक्ष श्रेष्ठले स्थानीय उत्पादनको बजार विस्तार र व्यवस्थापनका लागि सो केन्द्र आवश्यक रहेको भन्दै अब संघ त्यसको सञ्चालनको जिम्मा लिन तयार रहेको बताए । उनले भने, ‘स्थानीय उत्पादनको बजारिकरणमा उद्योग वाणिज्य संघको पनि दायित्व हुन्छ, त्यसैले नगरसँग सहकार्य गर्दै अघि बढ्न तयार छौं ।’

नगर प्रमुख कृष्णराज पण्डितले कानुनी प्रक्रिया पूरा गरी केन्द्र सञ्चालनको जिम्मा दिने तयारी भइरहेको जानकारी दिए । ‘हामीले पहिला नै आव्हान गरेका थियौं, तर कोही आएनन् । अहिले प्रस्ताव आएको छ, बजेट पनि छुट्याइएको छ’, प्रमुख पण्डितले भने, ‘थप पूर्वाधार निर्माण र कार्यविधि तयार गरी अघि बढ्ने योजना छ।’



कार्यक्रममा संघका पदाधिकारी, सदस्य, महिला उद्यमी तथा वडा व्यवस्थापन समितिका प्रतिनिधिहरूको उपस्थिति रहेको संघका महासचिव सुजन श्रेष्ठले जानकारी दिए । शुक्लागण्डकी-५ बेलचौतारास्थित पृथ्वीराजमार्गको छेउमा निर्माण गरिएको सो कृषि उपज संकलन तथा विक्रि केन्द्र निर्माणका लागि २ करोड ३० लाख रूपैयाँ खर्च भएको बताइएको छ । तत्कालीन नगर प्रमुख किसान गुरूङको कार्यकालमा आर्थिक वर्ष २०७७/०७८ को बजेटबाट टेन्डर आव्हान गरी केन्द्र निर्माण गरिएको थियो ।

# आँबुखैरेनीमा शिक्षक अभिमुखीकरण कार्यशाला

**भञ्ज्याङ समाचारदाता/आँवु**

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको आयोजनामा आँबुखैरेनी गाउँपालिकामा कक्षा १ देखि ३ मा अध्यापनरत शिक्षकहरूका लागि एकीकृत पाठ्यक्रम तथा



पाठ्यपुस्तकको कार्यान्वयनसम्बन्धी अन्तरक्रियात्मक कार्यशाला सम्पन्न गरिएको ।

कार्यक्रममा सहभागी शिक्षकहरूलाई नयाँ पाठ्यक्रमको व्यवहारिक प्रयोग, कक्षा व्यवस्थापन र सिकाइलाई प्रभावकारी बनाउने विधि सम्बन्धी सीप सिकाइएको गाउँपालिकाकी शिक्षा अधिकारी निर्मला कुवाँरले जानकारी गराइन्। कार्यशाला निकै प्रभावकारी रहेको सहभागीहरूले प्रतिक्रिया दिएका छन् ।

कार्यक्रममा शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम तथा सामग्री शाखाकी निर्देशक जमुना चुदाली र शाखा अधिकृत रेणुका अधिकारीले सहजीकरण गरेका थिए । उनिहरूले आयोजक पक्षले अमूल्य समय प्रदान गरी सहजीकरण गरेबापत धन्यवाद ज्ञापन गरेका थिए ।

साथै, सहभागी शिक्षकहरूलाई सिकाइलाई विद्यालयमा सहकर्मीहरूसँग साझा गरी कक्षाकोठामा व्यवहारिक रूपमा लागू गर्न आग्रह गरिएको छ ।

## सम्पादकीय ............

www.bhanjyangnews.com

# संघीयता र भूगोलको असमानता

नेपालले करिब एक दशकअघि संघीय शासन प्रणालीमा प्रवेश गऱ्यो। राजनीतिक संक्रमण, अस्थिरता र केन्द्रीयकरणको दीर्घ अभ्यासपछि देशले संघ, प्रदेश र स्थानीय तहमा शक्तिको वितरणमार्फत जनताको घरदैलोमा शासन पुऱ्याउने महत्त्वाकांक्षी प्रयास सुरू भयो । यसको मूल मर्म थियो– विकासमा समानता, सेवा र सुविधामा पहुँच र जनताले आफ्नै गाउँठाउँमै सरकारको उपस्थितिको अनुभूति गर्न सकून्। तर समयको एक दशकपछि संघीयताको अपेक्षित परिणाम धेरै हदसम्म अधुरो र असन्तुलित देखिन्छ। नेपालको भौगोलिक विविधता नै यसको सौन्दर्य हो– हिमाल, पहाड र तराईका फरक जीवनशैली, संस्कृतिहरु र आवश्यकताहरु छन्। तर यही विविधता विकास र सेवा वितरणमा असमानताको कारण पनि बनेको छ। संघीयता लागू हुँदा भूगोलको वास्तविकता भन्दा बढी राजनीतिक समीकरण र सत्ता–सन्तुलनलाई प्राथमिकता दिइयो। पालिका र वडाको सीमांकन न त पहुँचका कठिनाइका आधारमा भयो, न त विकास पूर्वाधारका उपलब्धताका मापनमा। फलस्वरूप, सहर र दुर्गम गाउँ एउटै संरचनामा परे तर समस्या र समाधान एकदमै फरक रहे ।

तनहुँको उदाहरण लिऔँ– जिल्लाको उत्तरक्षेत्रका डाँडाकाँडा र टाढा बस्तीहरु अझै पनि स्वास्थ्य, शिक्षा, सडक, खानेपानी र रोजगारीका आधारभूत सेवाबाट वञ्चित छन्। त्यहाँ पुग्न अझै पैदल घण्टौं हिँड्नुपर्ने अवस्था छ । यता बजार क्षेत्रका बासिन्दाले एउटै स्थानीय तहमा बसेर आधुनिक सुविधा र सहज सेवा पाएका छन्। बजेट बाँडफाँडमा पनि समान दृष्टि देखिँदैन– सहर नजिकका बस्तीले बढी लाभ पाउँछन् भने दुर्गम गाउँका योजना 'अवस्थित कठिनाइका कारण' कागजमै सीमित रहन्छन् । संघीयताको उद्देश्य केवल प्रशासनिक पुनर्संरचना होइन, जनसहभागितामार्फत स्थानीय सशक्तिकरण हो। तर अहिलेको अभ्यासले यसलाई शासनका तह बढाउने औपचारिक प्रक्रिया बनाइदिएको छ। गाउँका नागरिक अझै कार्यालय पुग्न घण्टौं पैदल हिँड्न बाध्य छन् भने, त्यहाँ संघीयताको आत्मा कहाँ प्रकट हुन्छ ? स्थानीय शासन त्यतिबेला मात्र अर्थपूर्ण हुन्छ जब गाउँलेले आफैं बनाएको योजना कार्यान्वयनमा देख्छन् र राज्यको सेवा आफ्नै ढोकामा महसुस गर्छन् ।

संघीयता सफल हुनका लागि विकास योजनाको केन्द्रमा भूगोल र सामाजिक यथार्थ राख्नैपर्छ। दुर्गम गाउँमा सडक निर्माण, विद्यालय स्थापना वा स्वास्थ्य सेवा विस्तार गर्न लागत धेरै लाग्छ– त्यसैले एउटै मापदण्ड सबै ठाउँमा लागू गर्नु अन्याय हो। सरकारले बजेट वितरणमा दुर्गम र सुलभ क्षेत्रबीच फरक दृष्टिकोण अपनाउनुपर्छ। भौगोलिक कठिनाइका कारण पहाडमा एक किलोमिटर सडकको प्रभाव बजार क्षेत्रको तीन किलोमिटरभन्दा बढी हुन सक्छ– यस्तो सन्दर्भ स्वीकार नगरी समान बजेट बाँड्दा विकास सन्तुलित हुन सक्दैन । संघीय संरचना निर्माणका बेला गरिएका राजनीतिक सम्झौता र समीकरण अहिले विकासको अवरोध बनेका छन्। "कात्रो चिरेझैँ" नक्सा बाँडेर नगर र गाउँ एउटै तहमा राख्दा सेवाको आवश्यकतामा विभेद बढेको छ। सहर केन्द्रित योजना, सुगम क्षेत्रका परियोजना, र राजधानीमुखी सोचले ग्रामीण जनताको संघीयताप्रतिको भरोसा कमजोर बनाएको छ। जब जनताले शासनलाई आफ्नै ढोकासम्म नपुग्ने अनुभव गर्छन्, संघीयता केवल पुस्तिकामा सीमित रहन्छ । अब आवश्यक छ– संघीय संरचनाको पुनरावलोकन। देशको भूगोल र जनजीवनलाई केन्द्रमा राखेर सीमांकन र नीति निर्माणमा पुनर्विचार गर्नुपर्छ। विकासका प्राथमिकता प्रत्येक भेगअनुसार भिन्न हुने गर्छन्। पहाडी गाउँका लागि सडक र स्वास्थ्य सेवा पहिलो प्राथमिकता हुन सक्छ भने तराई र मधेशका गाउँका लागि कृषि, सिंचाइ र बजार पूर्वाधार मुख्य हुन सक्छ। एउटै नीतिले सबै समस्या समाधान गर्न सक्दैन ।

त्यसैले संघीयताको दोस्रो चरण अब "संरचना विस्तार" भन्दा "गुणात्मक सुदृढीकरण" मा केन्द्रित हुनुपर्छ। स्थानीय तहले योजना बनाउँदा तथ्याङ्क र वास्तविक आवश्यकता विश्लेषणमा आधारित हुनुपर्छ। बजेट वितरणमा जनसंख्या मात्र होइन, भूगोल, पहुँच र लागतलाई पनि मापनको आधार बनाउनुपर्छ । संघीयताको सार समानता, पहुँच र सहभागिता हो। जनताको जीवनस्तरमा परिवर्तन ल्याउने शासन प्रणाली नै संघीयता हो। जब दुर्गम गाउँका बालबालिकाले आफ्नै गाउँको विद्यालयमा गुणस्तरीय शिक्षा पाउँछन्, जब आमाहरूले नजिकैको स्वास्थ्यचौकीमा उपचार पाउँछन्, जब युवा गाउँमै रोजगारीको अवसर देख्छन्– त्यतिबेला मात्र संघीयताको वास्तविक मूल्य प्रकट हुन्छ। अहिलेको संघीय अभ्यासले विकासको असमानता घटाउन सकिरहेको छैन भने त्यसको समीक्षा गर्न डराउनु हुँदैन। राजनीतिक सहमतिको भरमा बनेको संरचना अब भौगोलिक यथार्थसँग मेल खाने गरी परिमार्जन गर्नुपर्ने बेला आएको छ। स्थानीय तहलाई अधिक सक्षम, उत्तरदायी र सशक्त बनाउनैपर्छ । संघीयता सत्ता बाँडफाँडको औपचारिकता होइन– यो जनताको जीवनमा पहुँच र समानताको अभ्यास हो। जब राज्यको उपस्थिति गाउँका डाँडासम्म महसुस हुन्छ, जब प्रत्येक नागरिकले भन्न सक्छ "अब हामी राज्यदेखि टाढा छैनौं", तब मात्र नेपालले संघीयताको साँचो अर्थ बुझ्नेछ । संघीयता सफल बनाउने बाटो स्पष्ट छ– भूगोलअनुकूल संरचना, वास्तविक आवश्यकता–आधारित योजना, र ग्रामीण भेगको सशक्त सहभागिता। जब यी तीन तत्व एकैसाथ अघि बढ्छन्, तब मात्रै संघीयता कागजबाट व्यवहारमा रूपान्तरण हुनेछ।

# महाकाली करिडोर : योजनामा उत्साह, कार्यान्वयनमा निराशा

◆ **महादेव अवस्थी**

सुदूरपश्चिमको समृद्धि र आर्थिक विकासको मेरूदण्ड मानिएको महाकाली करिडोर डेढ दशकअघि उत्साहका साथ सुरू गरिएको थियो । तर योजना सम्पन्न गरिसक्ने समयमा समेत बजेट अभाव, पत्रियागत अल्झन र सरकारी उदासिनताका कारण अधुरो र अलपत्र अवस्थामा पुगेको छ ।

सुदूरपश्चिम प्रदेशका चार जिल्ला कञ्चनपुर, डडेल्धुरा, बैतडी र दार्चुला जोड्दै नेपाल र चीनको ताक्लाकोटको सिमानामा रहेको पिल्लर नम्बर १ सम्म ४१३ किलोमिटर सडक निर्माण गर्ने लक्ष्य छ । सडक निमार्णपछि सुदूरपश्चिमका करिब आठ लाख जनता प्रत्यक्ष लाभान्वित हुने र त्रिदेशीय नाका भएका कारण व्यापारिक महत्व पनि धेरै नै रहेको छ । साथै, धार्मिक हिसावले कैलाश मानसरोवर भ्रमणको सुविधा उपलब्ध हुने देखिन्छ । चलिरहेको भए पनि बजेट अभावका कारण निर्माण व्यवसायीलाई भुक्तानी दिन सकिने अवस्था नरहेको योजना कार्यालयले जनाएको छ ।

दार्चुलाको मालिकार्जुन र खलङ्गा–हिकिला खण्डमा कालोपत्रका लागि काम भइरहेको छ । योजना कार्यालयका अनुसार करिडोरअन्तर्गत कञ्चनपुरमा ११ किलोमिटर, डडेल्धुरामा ५८ किलोमिटर, बैतडीमा १४४ किलोमिटर र दार्चुलामा १२१ किलोमिटर सडक निमार्ण हुनेछ । यसमध्ये कञ्चनपुरमा ११ किलोमिटर ट्र्याक खुलिसकेको छ भने डडेल्धुरामा २८ किलोमिटर ट्र्याक खुलेको छ । त्यसैगरी बैतडीमा ११४ किलोमिटर र दार्चुलामा ७७ किलोमिटर ट्र्याक खुलेको छ । तुसारापानीदेखि टिङ्करसम्मको ७९



किलोमिटर सडक खण्डमा ट्र्याक खोल्ने काम नेपाली सेनाले गरिरहेको छ ।

डडेल्धुराको सिमलतालदेखि भागेश्वर गाउँपालिका हुँदै सुर्नयासम्म, बैतडीको शिवनाथ र पञ्चेश्वर क्षेत्र तथा दार्चुलाको लेकम र मालिकार्जुन गाउँपालिका क्षेत्रमा ट्र्याक खोल्न बाँकी रहेको छ । हाल योजनाले छ वटा प्याकेजमा गरी डडेल्धुरा र दार्चुलामा ३७ किमिमा सडक कालोपत्रको काम निमार्णधिन छ । करिडोरअर्न्तगत दार्चुलाको महाकाली नगरपालिका क्षेत्रमा १२ किलोमिटर र खलङ्गादेखि तुसारपानी खण्डमा १०/१० किमि गरी दुई प्याकेजमा सडक कालोपत्रको काम निर्माणाधीन छ। आव २०६५/६६ देखि सुरू भएको करिडोरको सुरूको कुल लागत अनुमान रू १८ अर्ब १६ करोडमा आव २०८०/८१ सम्म पूरा गर्ने लक्ष्य रहेको थियो । तर बजेट अभाव, रूख कटानलगायतका प्रक्रियागत अल्झनले योजनाको लागत र समय लम्बिदै गएको छ।

तर प्रक्रियागत अल्झन र बजेट अभावले योजनाले अपेक्षित गति लिन सकेको छैन। सुदूरपश्चिमको आर्थिक विकासको मेरूदण्डका रूपमा रहेको महाकाली करिडोर निर्माणका लागि न्यून बजेट विनियोजन हुँदा निर्माणको काम ठप्प जस्तै भएको छ।

चालु आर्थिक वर्षमा करिडोर निमार्णका लागि रू २२ करोड ९७ लाख मात्रै बजेट विनियोजन भएको महाकाली करीडोर सडक (ब्रह्मदेव–झुलाघाट–दार्चुला–टिङ्कर सडक) योजना कार्यालयका योजनाका सूचना अधिकारी रामचन्द्र जैशीले जानकारी दिनुभयो । उक्त बजेटले निर्माण व्यवसायीको समेत भुक्तानी गर्न सकिदैन । "योजना अन्तर्गत कार्यालयले डेढ अर्ब दायित्व भुक्तानी गर्नु पर्नेछ ।" उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षमा आएको बजेट न्यून छ, यसले नयाँ ठेक्का खोलेर काम गर्न सकिने अवस्था छैन।" उहाँले यही गतिमा बजेट बजेट आए योजना सम्पन्न गर्न अझै वर्षौं लाग्ने बताउनुभयो।

कञ्चनपुरको ब्रह्मदेवदेखि दार्चुलाको तुसारपानीसम्म ३३४ किलोमिटरमध्ये अझै ५४ किलोमिटरमा ट्र्याक खोल्न बाँकी छ। करिडोरअन्तर्गत डडेल्धुरामा करिब २७, बैतडीमा नौ र दार्चुलामा १८ किलोमिटर ट्र्याक खोल्न बाँकी छ। करिडोरको हालसम्म करिब ५ किलोमिटर सडक कालोपत्र गरिएको छ । विभिन्न स्थानमा कालोपत्रका लागि ठेक्का भएर काम

### योजना सुरू हुँदा उत्साह, अहिले निराशा

कञ्चनपुरको भीमदत्त नगरपालिका–९ टुडिखेलका लोक बहादुर थापा मगर २०६५ सालमा डडेल्धुराको जोगबुढाबाट बसाइसरी यहाँ आउनुभयो । त्यतिबेला कञ्चनपुरको ब्रह्मदेवदेखि दार्चुलाको टिङ्करसम्म महाकाली करिडोर निर्माण हुने खबरले उहाँमा उत्साह थियो । करिडोर यातायातको सुविधा मात्र नभइ अवसरको ढोका पनि रहेकाले व्यापारका नयाँ सम्भावनाहरू खुल्ने अपेक्षा उहाँमा थियो ।

आफ्नै घर छेउबाट सडक निर्माण हुने भएपछि यहाँको यहाँका स्थानीयवासीमा आफूहरूको आर्थिक अवस्था फेरिने आशा पलाएको थियो । तर उक्त सडक निर्माण हुन्छ भनेको सुनेको पनि डेढ दशक भइसकेको छ । "त्यो बेला सडक निर्माण हुन्छ भन्ने सुनेपछि धेरै खुशी भएका थियौँ", थापाले भन्नुभयो, "एकातर्फ महेन्द्रनगर बजार सहज पहुँच हुने र सडक बनेपछि शिक्षा, स्वास्थ्य र व्यापार हुने ठूलो आशा थियो तर अहिलेसम्म बनेन ।" उक्त क्षेत्रमा करिडोरको ट्र्याक खुलेको छ तर यात्रा गर्न सहज छैन । वर्षाद्को समयमा त उक्त सडक बन्द हुने गरेको उहाँको भनाइ छ ।

"सडक नहुँदा बिरामीलाई बोकेर अस्पताल लग्नुपर्ने बाध्यता आउँछ गाउँमा न स्वास्थ्य संस्था छ न विद्यालय नै" भन्नुभयो, "हाम्रो मुख्य समस्या भनेकै सडक हो सडक नहुँदा निकै सास्ती खेप्नु परेको छ ।" उहाँले दुई घण्टा पैदल विद्यालय जानुपर्ने बाध्यताले नातिनिलाई कैलालीको लम्कीस्थित भाइको घरमा अध्ययनका लागि पठाएको बताउनुभयो। अहिले पनि स्थानीय उत्पादन बिक्रि गरेर आम्दानी गरिरहेको बताउँदै सडक सञ्जालले जोडिए यहाँका स्थानीयको आर्थिक सुधार हुने उहाँको भनाई थियो ।

बाइस वर्षदेखि यहाँको टुँडिखेलमा बस्दै आउनुभएका लीला पुनमगर पनि करिडोर निर्माण हुने खबरले उत्साही हुनुभयो । तर सडक निर्माणमा ढिलाइ हुँदा भने उहाँको उत्साह पनि निराशामा परिणत भएको छ । "करिडोर बन्छ भन्ने सुनेको १२ वर्षपछि ट्र्याक खुलेको छ अझै आशा मरेको छैन तर सडक बनिसक्नु पर्ने समयसम्म पनि नबन्दा सुरूको जस्तो उत्साह छैन ।" उहाँले भन्नुभयो– "सरकारले ढिलाइ गर्नु भएन, यो सडकलाई प्राथमिकतामा राखेर छिटो सम्पन्न गर्नुपर्छ।" उहाँले सडक निमार्णपछि लामो दुरीको यात्रा गर्नुपर्ने बाध्यता हट्ने बताउनुभयो ।

महाकाली करिडोरले यातायातको पहुँचसँगै भारतसँगको व्यापारिक पहुँच, घरेलु उद्योगको विस्तार र पर्यटन सम्भावनामा ठूलो भूमिका खेल्नसक्ने यहाँका

*बाँकी तेश्रो पेजमा*

## तपाईंको आज

### मेष
परिवारमा खुसीयाली छाउने सम्भावना छ। मनमा उत्साह र जोश रहला। आर्थिक पक्ष सबल बन्ने संकेत छन्।

### वृष
सावधानी अपनाउनुपर्ने दिन हो। लगानी गर्दा सोचविचार गर्नुपर्छ। कार्यस्थलमा केही चुनौती आउन सक्छ।

### मिथुन
पुराना प्रयासहरु सफल हुनेछन्। अध्ययन वा बौद्धिक क्षेत्रमा प्रगति हुनेछ। साथीभाइको साथ सहयोग मिल्नेछ।

### कर्कट
मनमा अलिक अस्थिरता रहन सक्छ। पारिवारिक सहयोग पाउने भए पनि खर्च बढ्ने सम्भावना छ।

### सिंह
आत्मविश्वास र हिम्मत बढ्नेछ। अघिका रोकिएका काम पूरा हुनेछन्। सामाजिक प्रतिष्ठा बढ्ने सम्भावना छ।

### कन्य
कार्यमा ढिलाइ भए पनि अन्ततः सफलता मिल्नेछ। स्वास्थ्यमा सुधार हुनेछ। दाम्पत्य जीवनमा न्यानोपन बढ्नेछ।

### तुला
व्यापार वा पेशामा लाभदायक समाचार सुन्न सकिनेछ। मनमा सृजनशीलता र नयाँ विचार आउनेछन्।

### वृश्चिक
आज मितव्ययी बन्नुहोस्। अनावश्यक विवादमा नजाने उत्तम हुन्छ। परिवारमा सन्तुलन आवश्यक देखिन्छ।

### धनु
अध्ययन, लेखन र सृजनात्मक कार्यमा रूचि बढ्नेछ। आफन्तबाट सहयोग मिल्नेछ। पदोन्नति वा सम्मान पाउने योग छ।

### मकर
आर्थिक रूपमा स्थायित्व आउनेछ। पारिवारिक सहयोग महत्वपूर्ण हुनेछ। प्रेममा स्पष्टता आवश्यक छ।

### कुम्भ
दिन मिश्रित रहला। आत्मविश्वासमा कमी नल्याउनुहोस्। रोकिएका काममा गति आउनेछ।

### मीन
अध्ययन, प्रतियोगिता र सृजनशील कार्यमा सफलता मिल्नेछ। प्रेम र दाम्पत्य सम्बन्धमा निकटता बढ्नेछ।

# महाकाली करिडोर : योजनामा .......

स्थानीय रमेश नायक बताउनुहुन्छ। "यो सडक यातायातका लागि मात्रै नभई व्यापारिक हिसाबले महत्वपूर्ण छ", उहाँले भन्नुभयो, "सरकारको पर्याप्त बजेट विनियोजन गरेर सडक निर्माणलाई पूर्णता दिनुपर्छ।"

उहाँले करिडोर सञ्चालनमा आए सुदूर पहाडका जनताको आर्थिक अवस्थामा सुधार आउने बताउनुभयो । "करिडोर सञ्चालनमा आइदिए यहाँका स्थानीयले आठ/आठ घण्टा लगाएर जानुपर्ने ठाउँमा दुई घण्टामै पुग्छौं ।" उहाँले भन्नुभयो, "यो सुदूर पहाडका जनताका लागि लाइफ लाइन नै हो ।" करिडोर बनेपछि ब्रह्मदेव, डडेल्धुरा जिल्लाको जोगबुढा, बैतडी जिल्लाको पञ्चेश्वर, चमेलिया, दार्चुलाको लाली, उकू, खलङ्गा, धारी, हिकिला, हुती, धौलाकोट र सुन्सेरा हुँदै तिङ्कर नाकासम्म सडक निर्माण गरी उक्त क्षेत्रको आर्थिक सामाजिक सांस्कृतिक पर्यटकीय साथै शैक्षिक विकासमा योगदान पुऱ्याउनेछ । "महाकाली करिडोर बने मात्रै सुदूरपश्चिमको विकासको ढोका खुल्छ" कञ्चनपुरका होटेल व्यवसायी जगदीशचन्द्र भट्टले भन्नुभयो, "यसले धार्मीक पर्यटनलाई समेत फाइदा पुग्छ, अर्कोतर्फ उत्तरतर्फ चीनसँग पनि व्यापारको ढोका खुल्छ।"

महाकाली करिडोरअन्तर्गत महेन्द्रनगरमा सिद्धवैजनाथ, डडेल्धुरामा परशुरामधाम, बैतडीमा त्रिपुरासुन्दरी, मेलौली भगवती र निङ्लाशैनी जस्ता प्रसिद्ध धार्मिकस्थलहरू छन् । त्यसैगरी दार्चुलामा राष्ट्रकै चौथो धामका रूपमा परिचित मालिकार्जुन धामजस्ता प्रसिद्ध धार्मिकस्थल रहेकाले करिडोरले धार्मिक पर्यटनमा समेत टेवा पुग्ने उहाँको भनाइ छ। "भारतको पूर्णागिरि दर्शन गरेपछि महेन्द्रनगरमा रहेको सिद्धवैजनाथ दर्शन गर्नुपर्ने धार्मिक मान्यता छ" उहाँले भन्नुभयो, "ती दर्शनार्थी करिडोर सञ्चालनमा आए डडेल्धुराको परशुरामधाम पुग्न सक्छन् ।" उहाँले अझै पनि भारतबाट यहाँका प्रसिद्ध धामहरूमा भारतीय धार्मिक पर्यटन आउने गरेको बताउँदै यहाँ धार्मिक पर्यटनको ठूलो सम्भावना रहेको बताउनुभयो ।

महाकाली करिडोर निर्माण भएपछि चीन र भारतसँग व्यापारको ढोका खुल्ने र रोजगारीका थुप्रै अवसर सिर्जना हुनेमा यहाँका व्यवसायी आशावादी छन् । हालसम्म छिमेकी मुलकसंग व्यापारिक नाका नभएका कारण महाकाली करिडोर त्रिदेशीय व्यापारिक नाका बन्ने र सुदूरपश्चिम व्यापारिक 'हब' बन्ने अपेक्षा व्यवसायीको छ । "अहिलेसम्म भारत संगको सहज कनेक्टिभिटि नहुदा सुदूरपश्चिमले आर्थिक लाभ लिन सकेको छैन", यहाँका व्यवसायी नरेश विष्टले भन्नुभयो, "न्यून आर्थिक गतिविधि रहेको सुदूरपश्चिममा करिडोर बनेपछि आर्थिक गतिविधि बढ्छन्।" करिडोर सञ्चालनमा आए सुदूर पहाडका जनताको आर्थिक अवस्थामा उलेख्य सुधार हुने उहाँले बताउनुभयो। करिडोर निर्माणपछि यहाँको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय साथै शैक्षिक विकासमा टेवा पुग्नेछ । रासस

# कामना बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**भिमाद नगरपालिका वडा नं. ६, कुमारचोक, तनहुँ**

## कर्जा भुक्तानी गर्ने सम्वन्धी १५ दिने सार्वजनिक सुचना

***सूचना प्रकाशित मिति : २०८२/०७/२५***

यस कामना बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट लिनु भएको ऋणको समय समयमा बुझाउनु पर्ने साँवा, ब्याज, हर्जना आदि तिर्न बुझाउनका लागि पटक पटक फोन मार्फत मौखिक एवं लिखित रूपमा अनुरोध गरी तरताकेता गर्दा समेत संस्थाको अनुरोधलाई बेवास्ता गरी रहनुभएकाले यहाँको ऋण भुक्तानी गर्ने सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र संस्थामा सम्पर्क राखि ऋण सम्झौता बमोजिम संस्थालाई तिर्न बुझाउनपर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता गर्नुहुन अनुरोध छ । अन्यथा प्रचलित ऐन, कानुन एवं संस्थासंग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री वा अन्य व्यवस्था गरी संस्थाको लेना रकम असुल गरिने जानकारी गराईन्छ । साथै धितोबाट समेत संस्थाका सम्पूर्ण लेना रकम असुल उपर नभएमा सहकारी ऐन तथा नियमावली, कर्जा निति तथा प्रचलित ऐन कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धित ऋण चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| १. | ऋणीको नाम ठेगाना | धितोको विवरण |
|---|---|---|
| | नाम: तारापती आचार्य<br>ना.प्र.नं.: 29732<br>जारी मिति : 2055/02/24<br>बुबाको नाम : रेशमलाल आचार्य<br>बाजेको नाम : दुर्गादत्त आचार्य<br>ठेगाना: तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ७, पट्नेरी  | दुर्गादत्त आचार्यको नाति रेशमलाल आचार्यको छोरा गण्डकी तनहुँ जिल्ला, भिमाद वडा न ४, हाल गण्डकी तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ७, पट्नेरी बस्ने श्री तारापती आचार्यको मालपोत कार्यालय दमौलीमा दर्ता कायम रहेको भिमाद गा.बि.स वडा नं. २ ग स्थित किता न.717 को क्षेत्रफल 0-4-3-2 भएको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिग लगापात समेत |
| | जमानतकर्ता | |
| | नाम: गिता खनाल आचार्य<br>ना.प्र.नं.: 67407<br>जारी मिति : 2060/07/21<br>पतिको नाम : तारापति आचार्य<br>ससुराको नाम : रेशमलाल आचार्य<br>ठेगाना: तनहुँ, भिमाद न.पा. वडा नं. ७, पट्नेरी | नाम: भवानी शंकर आचार्य<br>ना.प्र.नं.: 431044/123092<br>जारी मिति : 2066/12/15<br>बुबाको नाम : रेशमलाल आचार्य<br>बाजेको नाम : दुर्गादत्त आचार्य<br>ठेगाना: तनहुँ, भिमाद न.पा. वडा नं. ७, पट्नेरी |

| २ | ऋणीको नाम ठेगाना | धितोको विवरण |
|---|---|---|
| | नाम: सुदिप गैहे<br>ना.प्र.नं.: 72015<br>जारी मिति : 2057/09/25<br>बुबाको नाम : बोधराज गैह्र<br>बाजेको नाम : पदम पानी गैह्रे<br>ठेगाना: तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ५, ऋषिङ्गपाटन  | पदम पानी गैह्रे नाति बोधराज गैह्रको छोरा तनहुँ जिल्ला, रानीपोखरी गा.वि.स वडा नं. ९ हाल तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ५, ऋषिङ्गपाटन बस्ने श्री :सुदिप गैहेको नाममा मालपोत कार्यालय दमौलीमा दर्ता कायम रहेको साभुङ भगवतीपुर गा.बि.स वडा नं. १ क स्थित किता न. 1018 को क्षेत्रफल 2-1-3-1 भएको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत |
| | जमानतकर्ता | |
| | नाम: तुल बहादुर थापा<br>ना.प्र.नं.: 431006/236<br>जारी मिति : 2068/01/26<br>बुबाको नाम : सोमलाल थापा<br>बाजेको नाम : दुर्गा सिहं<br>ठेगाना: तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ६, | नाम: पदम बहादुर राना<br>ना.प्र.नं.: 47<br>जारी मिति : 2046/03/12<br>बुबाको नाम : रेख बहादुर राना<br>बाजेको नाम : थर बहादुर<br>ठेगाना: तनहुँ, भिमाद न.पा. वडा नं. ६, माझटार |
| | नाम: बुद्धिसागर पौडेल<br>ना.प्र.नं.: 30774<br>जारी मिति : 2055/04/14<br>बुबाको नाम : दामोदर पौडेल<br>बाजेको नाम : ईक्कवरी प्रसाद पौडेल<br>ठेगाना: तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ६, क्याम्पसरोड | |

| ३ | ऋणीको नाम ठेगाना | धितोको विवरण |
|---|---|---|
| | नाम: मती कामी<br>ना.प्र.नं.: 7/85<br>जारी मिति : 2045/02/10<br>पतिको नाम : मिन बहादुर कामी<br>ससुराको नाम : शिवलाल<br>ठेगाना: तनहुँ जिल्ला, जामुने गा.बि.स वडा नं. ५, हाल म्याग्दे गा.पा वडा नं. २, जामुने  | शिवलालको बुहारी मिन बहादुर कामीको श्रीमती गण्डकी तनहुँ जिल्ला, जामुने गा.बि.स वडा नं. ५, हाल म्याग्दे गा.पा वडा नं. २, जामुने बस्ने श्री म कामी को मालपोत कार्यालय दमौलीमा दर्ता कायम रहेको जामुने गा.बि.स वडा नं. ४ ख स्थित किता न. 51 को क्षेत्रफल 0-15-3-0 भएको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत |
| | जमानतकर्ता | |
| | नाम: मनिषा बि.क<br>ना.प्र.नं.: 431004/984<br>जारी मिति : 2070/05/06<br>पतिको नाम : धन बहादुर कामी<br>ससुराको नाम : मिन बहादुर कामी<br>ठेगाना: तनहुँ जिल्ला, जामुने गा.बि.स वडा नं. ५, हाल म्याग्दे गा.पा वडा नं. २, जामुने | नाम: धन बहादुर कामीना.प्र.नं.: 52320<br>जारी मिति : 2058/09/26<br>बुबाको नाम : मिन बहादुर कामी<br>बाजेको नाम : शिवलाल<br>ठेगाना: तनहुँ जिल्ला, जामुने गा.बि.स वडा नं. ५, हाल म्याग्दे गा.पा वडा नं. २, जामुने |

| ४ | ऋणीको नाम ठेगाना | धितोको विवरण |
|---|---|---|
| | नाम: बसन्ती माया थापा<br>ना.प्र.नं.: 1005/123172<br>जारी मिति : 2066/12/16<br>पतिको नाम : टेक बहादुर थापा<br>ससुराको नाम : हेम बहादुर थापा<br>ठेगाना: तनहुँ जिल्ला, काहुशिवपुर गा.बि.स वडा नं. ४, हाल ऋषिङ्ग गा.पा वडा नं. १, ज्याभटार  | हेम बहादुर थापाको बुहारी टेक बहादुर थापाको श्रीमती गण्डकी तनहुँ जिल्ला, काहुशिवपुर गा.बि.स वडा नं. ४, हाल ऋषिङ्ग गा.पा वडा नं. १, ज्याभटार बस्ने श्री बसन्ती माया थापाको मालपोत कार्यालय दमौलीमा दर्ता कायम रहेको काहुशिवपुर गा.बि.सवडा नं. १ घ स्थित किता न.१७६९ र 1788 को क्षेत्रफल 0-3-0-0 र 0-3-0-0 भएको घर जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत |
| | जमानतकर्ता | |
| | नाम: अम्वीमाया थापा मगर<br>ना.प्र.नं.: 433005/251<br>जारी मिति : 2063/10/13<br>बुबाको नाम : राम बहादुर थापा<br>बाजेको नाम : मुखिया राना<br>ठेगाना: तनहुँ जिल्ला, काहुशिवपुर गा.बि.स वडा नं. ४, हाल ब्यास न.पा. वडा नं. १, ज्याभटार | नाम: सन्तोष प्रसाद रौनीयार<br>ना.प्र.नं.: 343022/276<br>जारी मिति : 2063/12/30<br>बुबाको नाम : काशी प्रसाद रौनीयार<br>बाजेको नाम : दुखीसाह रौनीयार<br>ठेगाना: तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ६, क्याम्पसरोड |

| ५ | ऋणीको नाम ठेगाना | धितोको विवरण |
|---|---|---|
| | नाम: गिता खनाल आचार्य<br>ना.प्र.नं.: 67407<br>जारी मिति : 2060/07/21<br>पतिको नाम : तारापति आचार्य<br>ससुराको नाम : रेशमलाल आचार्य<br>ठेगाना: तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ७, पट्नेरी  | रेशमलाल आचार्यको बुहारी तारापति आचार्यको श्रीमती गण्डकी तनहुँ जिल्ला, भिमाद वडा न ४, हाल गण्डकी तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ७, पट्नेरी बस्ने श्री गिता खनाल आचार्यको मालपोत कार्यालय दमौलीमा दर्ता कायम रहेको भिमाद गा.बि.स वडा नं. २ ग स्थित किता न.705 को क्षेत्रफल 0-4-3-2 भएको जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत |
| | जमानतकर्ता | |
| | नाम: अच्युत राज बराल ना.प्र.नं.: 9641<br>जारी मिति : 2055/02/24<br>बुबाको नाम : भेषराज बराल<br>बाजेको नाम : शोभा खर बराल<br>ठेगाना: तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं.६, क्याम्पसरोड | नाम: भवानी शंकर आचार्य<br>ना.प्र.नं.: 431044/123092<br>जारी मिति : 2066/12/15<br>बुबाको नाम : रेशमलाल आचार्य<br>बाजेको नाम : दुर्गादत्त आचार्य<br>ठेगाना: तनहुँ, भिमाद न.पा. वडा नं. ७, पट्नेरी |

| ६ | ऋणीको नाम ठेगाना | धितोको विवरण |
|---|---|---|
| | नाम: बाबुराम रुचाल<br>ना.प्र.नं.: 26256<br>जारी मिति : 2063/08/06<br>बुबाको नाम : खम बहादुर रुचाल<br>बाजेको नाम : नन्द बहादुर रुचाल<br>ठेगाना: तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ६, कुमारचोक  | नन्द बहादुर रुचालको नाति खम बहादुर रुचालको छोरा गण्डकी स्याङ्गजा जिल्ला, क्याक्मी वडा न ९, हाल गण्डकी तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ६, कुमारचोक बस्ने श्री बाबुराम रुचालको मालपोत कार्यालय दमौलीमा दर्ता कायम रहेको भिमाद गा.बि.सवडा नं. १ ख स्थित किता न.633 को क्षेत्रफल 0-१-3-१ भएको घर जग्गा र बाबुराम रुचालकोनाममा यातायात व्यावस्था कार्यालय विरंगजमा दर्ता कायम रहेको सवारी दर्ता नं. ग १ त 4980 सोनालिका ट्याक्टर सिलिण्डर संख्या ४ हर्षपावर/सिसि 3707 च्याचिस नं. FZDDT649285S 3 इन्जिन नं. 4100FL73E643716F9 सवारी रंग निलो भएको सवारी तथा सो ले चर्चेको सम्पुर्ण लिग लगापात समेत |
| | जमानतकर्ता | |
| | नाम: सालिकराम गहतराज ना.प्र.नं.: 7653<br>जारी मिति : 2051/02/19<br>बुबाको नाम : नवराज बि.क<br>बाजेको नाम : तेज बहादुर बि.क<br>ठेगाना: तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ६, कुमारचोक | नाम: दुर्गा बहादुर सार्की<br>ना.प्र.नं.: 43026<br>जारी मिति : 2057/02/19<br>बुबाको नाम : प्रेमलाल सार्की<br>बाजेको नाम : मन बहादुर<br>ठेगाना: तनहुँ, भिमाद न.पा. वडा नं. ६, डेनमार्क |
| | नाम: सुकुमाया रुचाल<br>जारी मिति : 2063/10/27<br>बाजेको नाम : खम बहादुर | ना.प्र.नं.: 423016/295<br>बुबाको नाम : मन बहादुर वस्याल<br>ठेगाना: तनहुँ जिल्ला, भिमाद न.पा. वडा नं. ६, कुमारचोक |

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




## दुई प्रदेश जोड्ने पक्की पुल

तनहुँको घिरिङ गाउँपालिका-१ र रामपुर नगरपालिका-१ स्याउली बजार स्थित कालीगण्डकी नदीमाथि निर्माणाधिन पक्की पुल । गण्डकी र लुम्बिनी प्रदेश जोड्ने पुल निर्माण भएसँगै तनहुँ र पाल्पासहित दुवै प्रदेशका सर्वसाधारणलाई आवागमनमा सहज भएको छ ।

*तस्बिरः सागर गिरी/रासस*

# नयाँ सहर आयोजना कार्यालय डुम्रे भन्सार : २० किमी सडक कालोपत्र

भञ्ज्याङ समाचारदाता/दमौली

नयाँ सहर आयोजना कार्यालय डुम्रे भन्सारले २० किलोमिटर सडक कालोपत्र गरेको छ । कार्यालय स्थापनादेखि हालसम्म नयाँ सहर आयोजनाभित्र २०.३ किलोमिटर सडक कालोपत्र सम्पन्न भएको हो ।

कार्यालयले ३४.७८ किलोमिटर सडक ग्राभेल, २.७४ किलोमिटर ढलान, ४६.०२ किलोमिटर नाला निर्माण गरेको कार्यालय प्रमुख शान्ति शर्माले जानकारी दिए । आन्तरिक बसाइसराइलाई व्यवस्थित गर्न मध्यमहाडी लोकमार्गको वरिपरी दश नयाँ सहर स्थापना गर्ने सरकारको नीतिअनुरूप विसं २०९० सम्ममा व्यवस्थित बस्तीसहितको पूर्वाधार तयार गर्न तनहुँमा साविकको भानु गाविस-१, २, ३, ४ र साविकको बन्दीपुर गाविस-१, २, ३ र ४ समेटी आर्थिक वर्ष २०७२/७३ बाट नयाँ सहर आयोजना डुम्रे भन्सारको सुरूवात भएको हो ।

शर्माका अनुसार गत आर्थिक वर्षमा १.५ किलोमिटर ढलान र १.४ किलोमिटर नाला निर्माण गरिएको छ । सडक ग्राभेल र सडक कालोपत्रको काम उक्त आर्थिक वर्षमा नभएको उनले बताए।

आर्थिक वर्ष २०८०/८१ मा ० दशमलव ७८ किलोमिटर सडक ग्राभेल, १ दशमलव २४ किलोमिटर ढलान, १ दशमलव ६ किलोमिटर कालोपत्र र ३ दशमलव ६२ किलोमिटर नाला निर्माण भएको जनाइएको छ ।



यस्तै आयोजना सुरूभएदेखि आर्थिक वर्ष २०७९/८० सम्म ३४ किलोमिटर सडक ग्राभेल, १८ दशमलव ७ किलोमिटर सडक कालोपत्र र ४१ किलोमिटर नाला निर्माण भएको जनाइएको छ ।

आयोजनाले गत आर्थिक वर्षमा एक सरकारी कार्यालय भवन, तीन सामुदायिक भवन, एक सरकारी भवन मर्मत सम्भार, एक खेलमैदान, दुई मनोरञ्जन पार्क, एक खानेपानी योजना सम्पन्न गरेको छ भने चार सय ३४ सौर्य बत्ती जडान गरेको छ।

आयोजनालाई गत आर्थिक वर्षमा चालुतर्फ रू एक करोड पाँच लाख बजेट विनियोजन भएकामा रू ७५ लाख खर्च भएको छ भने पुँजीगततर्फ रू ११ करोड ७७ लाख विनियोजन भएकामा रू चार करोड ७४ लाख खर्च भएको छ। कार्यालयले डुम्रे भन्सार जग्गा एकीकरण आयोजनाको प्रक्रिया सुरू गरेको छ । त्यसका लागि छ सय ४३ रोपनी जग्गा पहिचान गरिएको छ । त्यसका लागि विसं २०७४ पुस १० गते आयोजनाको चारकिल्लासहित नेपाल राजपत्रमा सूचना प्रकाशित भएको थियो । विसं २०७७ पुस १२ मा अन्तिम प्रतिवेदन बुझाइएको र बाटोको किल्ला तोक्ने कार्य सकिएको छ।

## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**प्रत्येक महिनाको शनिबारः** पहिला पश्चिमान्चल (गण्डकी) अस्पताल र हाल दिर्घायु अस्पताल पोखरामा कार्यरत हाडजोर्नी तथा नशा रोग विशेषज्ञ **डा. मेघराज लामिछाने**द्वारा स्वास्थ्य परीक्षण गरिने हुँदा रोगसँग सम्बन्धी बिरामीहरु जस्तै :- जोर्नी दुख्ने ,जोर्नीमा सुजन वा रातोपन देखिनु, हिड्दा वा चल्दा जोर्नीमा क्र्याक-क्र्याक आवाज आउनु, हड्डी भाँचिनु वा चिर्नु, काध, घुँडा, कुहिनो, मुठो आदि चलाउँदा दुख्नु वा चिप्लिनु, कमर दुख्ने वा तन्काउँदा दुखाइ बढ्नु, सुत्दा या उठ्दा पीडा बढ्नु ।

# 'पहाड पनि हिमालै ........

प्रतिशत हिउँ भण्डार रित्तिने अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को अध्ययनले देखाएको छ ।

सन् २०१५ मा भएको पेरिस सम्झौतामा संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धिका पक्ष राष्ट्रहरूले विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित पार्ने र २ डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरेका थिए । पृथ्वीको तापमान बढ्नुको मुख्य कारण हरित ग्यासको उत्सर्जन रहेको अध्ययनबाट पुष्टि भएको छ ।

नेपालले नगरेको गल्तीको क्षति जलवायु क्षेत्रमा भोग्न थालेको छ। सोमबारदेखि ब्राजिलको बेलेम सहरमा हुन लागेको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको ३०औँ सम्मेलन (कोप-३०) मा नेपालले हिमाली क्षेत्रमा देखिएका असर न्यूनीकरण र क्षतिपूर्तिको मुद्दालाई उठान गर्नुपर्ने बताइएको छ । रासस

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

## facebook twitter



**रामेश**
x.com/RaameshKoirala

चुनावी उद्देश्यले गठीत गैरदलीय अन्तरिम सरकारका मन्त्रीगणले दल खोल्न त टाढाको कुरो आफूले गराउने निर्वाचनमा उम्मेदवारसमेत बन्दैनन्। यो नैतिकता हामीभन्दा कम लोकतान्त्रिक भनिने बांग्लादेश, पाकिस्तान र थाइल्याण्डले समेत देखाइसकेछ। कुलमानजीले नेपाललाई यता फस्ट बनाउने हुनु भो? ल बधाई !



**बाबाजी**
x.com/baabajee

आफ्नो साथीले 'सुध्रियोस्' भनेर गरेको रचनात्मक आलोचना समेत नपचाउने आधुनिक 'लोकरिझ्याँईवादी' तानाशाहहरूको झुण्ड हो रास्वपा! न कसैमा स्वतन्त्रता पक्षधर चरित्र देखिन्छ न त लोकतान्त्रिक चरित्र नै !

गफ चैं 'देश बनाउने हुटहुटी'को दिने, ब्यहोरा चैं सबैलाई स्तुतिगान मनपर्ने नत्र छट्पटी! प्रश्न सोध्यो कि; कि त फेक आइडीबाट घेराबन्दी कि त सिधै ब्लक !

यो ब्वाँसो प्रवृत्ति हो- सत्ता र प्रतिपक्ष लोकतन्त्रका यी दुई धारको लडाँईको बिचबाट लाभ लिने तेश्रो धार पहिले माओवादी एक्लै थियो, २०७९ देखि रास्वपा थपियो ! नथिङ मोर !



**Baburam Bhattarai**
x.com/brb1954

हाम्रो युवा उमेर मोटो 'श' (मशाल) कि पातलो 'स' (मसाल) राम्रो ? भन्ने अन्तहीन विवादमा गुज्रेको थियो। गुरुहरू अझै नेतृत्वमै हुनुहुन्छ । अब अर्को पुस्ताको जीवन 'अ' कार (नेपा 'ल' कम्युनिष्ट पार्टी) राम्रो कि 'ई' कार (नेपा 'ली' कम्युनिष्ट पार्टी) राम्रो? भन्ने गलफत्तीमा जाने भो! लाखौं वेरोजगार सर्वहारा/श्रमिक विदेशिने र श्रम -निर्यात तथा वस्तु-आयातको परनिर्भरताको दुष्चक्र चाहिं तोडिने भन्दा कस्सिने क्रम यथावत् छ! तिनले यो बहसलाई 'वे' कार नभनून् !

अतः यस्तो निरर्थक शब्दजालमा अल्झनु /अल्झाउनु सट्टा मार्क्सले प्रतिपादन गरेको द्वन्दात्मक भौतिकवादी चिन्तनपद्धति र पछिल्लो ज्ञानविज्ञानमा उभिएर अहिलेको चौथो औद्योगिक क्रान्ति ( डिजिटल क्रान्ति, जेनेटिक क्रान्ति, नानो-प्रविधि, ए आइ आदि)ले सिर्जना गरेको विश्वपरिस्थिति, नेपालको भर्खरै पहिलो औद्योगिक क्रान्तिको चरणमा प्रवेशको अवस्था, गत सय बर्षका समाजवाद निर्माणका सफलता र असफलता, भर्खरै देशमा भएको चमत्कारिक जेन-जी विद्रोह लगायतको गहन विश्लेषण गर्ने र देश-काल सापेक्ष नयाँ विचार, नीति, कार्यक्रम, संगठन,नेतृत्वको विकल्प तयार गर्नुपर्ने हैन र ? कणहरूको जो मर्जी !

**भञ्ज्याङ दैनिक पत्रिका नआएमा**
फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।
Email : bhanjyangdml@gmail.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४